अनुसूची२-

को भाग १- तथा अनुसूची ४ दफा)-२ सँग सम्बन्धित(


**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डछ-संख्या ,५-, मिति /२०७८ -१०/३०**


**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## मोदी गाउँपालिकाको २० युनिट सम्मको न्युनतम विद्युत शुल्क सहुलियत अनुदान सम्बन्धी कार्यविधी - २०७८

मोदी गाउँपालिका भित्रका खोलानालाहरुबाट उत्पादित विद्युतको आन्तरिक स्रोतका रुपमा नेपाल सरकारबाट रोयल्टी प्राप्त हुने र सम्पुर्ण मोदीवासी जनता यसको प्रभावित क्षेत्रमा पर्ने कुराको मध्यनजर गर्दै साथसाथै विद्युत खपतको मितव्ययीता र सहुलियत होस् भन्ने उद्देश्यले मोदी गाउँपालिका अन्तर्गत रहेका घरपरिवारको २० युनिट सम्मको न्युनतम शुल्क गाउँपालिकाले सहुलियत अनुदान दिने आ.व २०७८/०७९ को वार्षिक निति, कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने प्रयोजनको लागी स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा (४) को अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यविधी निर्माण गरेको छ ।

### परिच्छेद — १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस कार्यविधिको नाम "**मोदी गाउँपालिकाको २० युनिट सम्मको न्युनतम विद्युत शुल्क सहुलियत अनुदान सम्बन्धी कार्यविधी २०७८**" रहेको छ ।

(२) यस कार्यविधीले मोदी गाउँपालिका भित्र रहेका आधिकारिक घरधुरि लाई समेट्नेछ । अन्य बासिन्दाको हकमा गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) यो कार्यविधी तुरुन्त लागु भई २०७९ असार मसान्त सम्म कायम रहने छ ।

**२. परिभाषा** :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(१) गाउँपालिका भन्नाले मोदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पातिचौर पर्वतलाई सम्झनुपर्दछ ।

(२) घरपरिवार भन्नाले मोदी गाउँपालिकाको भौगोलिक सिमानाभित्र रहेका २०६८ सालको जनगणना अनुसारको घरधुरी संख्या सम्झनुपर्दछ ।

(३) लाभग्राही भन्नाले यस कार्यविधीको दफा ३ बमोजिम छनौट भएका व्यक्ती वा परिवार सम्झनुपर्दछ ।

(४) ने. वि. प्रा भन्नाले नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्र पर्वतलाई सम्झनुपर्दछ ।

## परिच्छेद — २

## लाभग्राही पहिचान तथा सहुलियत सम्झौता

३. **लाभग्राही पहिचान** :- (१) नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्रले उपलब्ध गराएको मोदी गाउँपालिका भित्रका घरपरिवारलाई लाभग्राहि कायम गरिनेछ ।

(२) उपदफा १ बमोजिम लाभग्राही कायम गर्दा एक परिवारबाट एकजना बढी लाभग्राही नपर्ने गरि गर्नुपर्नेछ तर अंशवण्डा गरेका वा मानो छुट्टिइ भिन्न बसेका घर परिवारलाई विद्युत मिटर हुँदै भएको प्रमाणका आधारमा छुट्टै लाभग्राहीका रुपमा गणना गर्न बाधा पुर्याएको मानिने छैन ।

४. **लाभग्राही कायम गर्ने** :- लाभग्राही सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकाको रहनेछ ।

## परिच्छेद -३

## वित्तिय प्रबन्ध र सहुलियत व्यवस्था :-

५. **वित्तिय प्रबन्ध** :- (१) गाउँपालिकाले आ.व २०७८/०७९ को वार्षिक निती, कार्यक्रम तथा बजेट बाट स्विकृत रकम रु २० लाख रुपैया बाट सम्झौता अनुसारको रकम त्रैमासिक रुपमा नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्र पर्वत लाई उपलब्ध गराउने छ ।

(२) उपदफा १ बमोजिमको रकम भुक्तानी गर्दा गाउँपालिकाले नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्रबाट मोदी गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र जडित मिटरको संख्यालाई आधार मानी न्युनतम शुल्क रकम सहितको विवरणको आधारमा गर्नुपर्नेछ ।

६. **सहुलियत रकम** :- यस कार्यविधि बमोजिम कायम भएका लाभग्राहीको विवरण अनुसार दोहोरो नपर्ने गरी लाभग्राहीको २०७८/०४/०१ देखि २०७९ असार मसान्त सम्मको न्युनतम २० युनिट सम्मको विद्युत उपभोग शुल्क त्रैमासिक रुपमा नेपाल विद्युत प्रधिकरण पर्वत वितरण केन्द्रलाई उपलब्ध गराउने छ । न्युनतम शुल्क बाहेकको बढी उपभोग गरेको विद्युत शुल्क सम्बन्धित लाभग्राहिले नै व्यहर्ने पर्नेछ ।

७. **सहुलियत सम्झौता** :- (१) यस कार्यविधी बमोजिम कायम भएका लाभग्रहीहरुको विवरणका आधारमा गाउँपालिकाले नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्र संग सहुलियत उपलब्ध गराउने सम्बन्धमा आपसि समझदारिमा सर्तहरु निर्धारण गरी सहुलियत सम्झौता गर्नेछ । सम्झौता अनुसुची-१ बमोजिम हुनेछ । आवश्यकता अनुसार सम्झौतामा सामान्य हेरफेर गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौताका आधारमा गाउँपालिका कार्यलयले प्रत्येक त्रैमासिक समाप्त भए पछी नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्रले उपलब्ध गराएको प्रमाणित विवरणका आधारमा वितरण केन्द्रलाई भुक्तानी दिनेछ ।

(३) सहुलियत सम्बन्धी अन्य सर्त तथा आधारहरु सहुलियत सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद — ४
## विविध

**८. दोहोरो सहुलियत नपाउने :-** अन्य कुनैपनी आधारमा विद्युत सहुलियत पाएको लाभग्राहीलाई यस कार्यविधी बमोजिम सहुलियत उपलब्ध गराईने छैन ।

**९. कर्मचारी खटाउन तथा अनुगमन गर्न सक्ने :-** गाउँपालिका कार्यलयले सहुलियत सम्बन्धी कार्यको कार्यान्वयनको अवस्थाको अनुगमन तथा आवश्यक सहजिकरण गर्ने छ ।

**१०. कार्यविधिमा परिमार्जन तथा संशोधन :-** (१) यस कार्यविधिको परिमार्जन तथा संसोधन गाउँपालिकाको कार्यालयले गर्न सक्नेछ ।

(२) यो कार्यविधि आय प्रचलित कानुन संग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानुन नै लागु हुनेछ ।

## अनुसुची-१

## सम्झौतापत्र

मोदी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पातिचौर पर्बत (प्रथम पक्ष) र नेपाल बिधुत प्राधिकरण पर्बत बितरण केन्द्र (दोस्रो पक्ष) संग पहिलो पक्षको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मोदी गाउँपालिका अन्तर्गत रहेका घर परिबारको २० युनिट सम्मको न्युनतम शुल्क गाउँपालिकाले अनुदान उपलब्ध गराउने कार्य गर्नको लागी देहाय बमोजिमको शर्तको अधिनमा रही दोस्रो पक्षलेपहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं ।

**शर्तहरु**

१, दोस्रो पक्षले मोदी गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने बिधुत मिटर जडान भएका सम्पुर्ण घरधुरीहरुको प्रत्येक महिनाको न्युनतम २० युनिट सम्मको न्युनतम शुल्कको प्रमाणित बिबरण प्रत्येक  महिनामा मिटर रिडिङ भएपछि एकमुष्ठ प्रथम पक्षलाई उपलब्ध गराउने छ ।

२, दोस्रो पक्षले शर्त नं.१ बमोजिम उपलब्ध गराएको प्रमाणित बिबरण अनुसारको रकम प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छु ।

३, न्युनतम २० युनिट भन्दा बढी बिधुतखपत गर्ने घरधुरीको हकमा दोस्रो पक्षले नै २० युनिट भन्दा बढी युनिटको शुल्क उठाउनुपर्ने छ । २० युनिट भन्दा बढीको भुक्तानी प्रथम पक्षले गर्ने छैन ।

४, प्रथम पक्षर द्धितिय पक्षका बिचमा यस करारनामा कार्यान्वयनका क्रममा कुनै बाधा,अबरोध उत्पन्न भएमा दुबै पक्ष बिचको आपसी समझदारीमा समस्याको समाधान गरिने छ ।

५, सम्झौता भङ्ग गर्न चाहेमा कम्तीमा १५ दिनको समय दिई एक पक्षले अर्को पक्षलाई लिखित रुपमा सुचना दिनु पर्नेछ ।

६, दुबै पक्ष बिचको यस करार सम्झौताको अबधि सम्झौता भएको मितिदेखी २०७९ साल असार मसान्तसम्म कायम रहने छ ।

७, यस सम्झौतामा उल्लेख भएको बाहेक अन्य बिषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

**प्रमाणीकरण मिति : २०७८/१०/३०**

**आज्ञाले,**
**किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**